# माण्डवी गाउँपालिका

# स्थानीय राजपत्र

## भाग ३

## माण्डवी गाउँपालिका

**२०७८/०६/२५ गते बसेको गाउँ कार्यपालिकाको बैठकले शिक्षा नियमावली २०७४ मा तपशिल बमोजिम संसोधन गर्ने निर्णय गरियो ।**

### शिक्षा नियमावली, २०७४(दोश्रो संसोधन), २०७८

१. माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,जस्पुर, प्यूठानको शिक्षा नियमावली, २०७४ को नियम ५४ शिक्षक तथा कर्मचारी छनौट समितिको उपनियम १ मा सामुदायिक विध्यालयमा करारमा शिक्षक वा कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न 'प्रत्येक विद्यालयमा' भन्ने शब्द हटाई गाउँपालिका भन्ने शब्द राखे र शिक्षक तथा कर्मचारी छनौट समितिमा

तपशिलका पदाधिकारी रहने गरि एक शिक्षक् तथा कर्मचारी छनौट समिति रहनेछ ।

तपशिलः

१. गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको गाउँपलिककाको अधिकृत स्तरको कर्मचारीः अध्यक्ष

२. गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतले तोकेको १ जना बिषय विशेषज्ञः सदस्य

३. सम्बन्धित विद्यालय व्यवस्थापन समितिको अध्यक्षः सदस्य

४.सम्बन्धित विद्यालयको प्रध्यानाध्यापकः सदस्य

५. गाउँपालिका शिक्षा अधिकृतः सदस्य-सचिव

२. गाउँपालिका शिक्षा नियमावली २०७४ को नियम ५४ को उपनियम २ मा भएको शिक्षक तथा कर्मचारी छनौट समितिको सचिवालय सम्बन्धित विध्यालयमा रहने छ भन्नेमा " शिक्षक तथा कर्मचारी छनौट समितिको सचिवालय गाउँपालिकाको शिक्षा शाखामा रहनेछ भन्ने गरि संशोधन गर्ने निर्णय गरियो

**प्रमाणीकरण मितिः २०७८/०६/२५** **आज्ञाले**

**शिसिर रिजाल**

**प्रमुख प्रशासकीय अधिकृत**